**जातिय समानताको बढावाको निम्ति**
**विधमान तथा योजनाबद्ध उपायहरु**

**द ट्रेजरी (राज्यकोष)**

द ट्रेजरी (राज्यकोष) मुख्यगरी केन्द्रिय लेखा, सरकारका लागि संकलन तथा भुक्तानी निजामती सेवा कर्मचारीको तलब भुक्तानी; भत्ताहरु, कल्याण भत्ता तथा पेन्सनहरु; सरकारी ब्युरो तथा विभागहरुका लेखा तथा वित्तिय व्यवस्थापन; तथा वित्त व्यवस्थापनका लागि उत्तरदायी छ ।

द ट्रेजरी (राज्यकोष) सर्वसाधारणहरुका लागि उनीहरुको विभिन्न जातीयताका कारण उनीहरुको सांस्कृतिक तथा भाषिक विविधताका बाबजुद, गुणस्तरिय सेवाहरु तथा समान पहुँच प्रदान गर्नमा प्रतिबद्ध छ । राज्यकोषद्वारा जातीय समानतालाई बढावा दिन लिईएको/लिनेवाला उपायहरु तल दिईएका छन् ।

| | |
|---|---|
| सम्बन्धित सेवाहरु | ● राज्यकोषले सरकारलाई लेखा तथा वित्तिय व्यवस्थापन सेवाहरु प्रदान गर्दछ जसमा सर्वसाधारणहरुलाई सम्बन्धित सामान्य जानकारी सेवा तथा पेन्सनरहरु तथा सम्बन्धित व्यक्तिहरुलाई पेन्सनहरुबारे जानकारी सेवा पर्दछन् । |
| विधमान उपायहरू | ● राज्यकोषले यसको सेवाका प्रावधानमा चिनियाँ तथा/वा अंग्रेजी प्रयोग गर्दछ। सर्वसाधारणहरुलाई आवेदन फारमहरु चिनियाँ तथा/वा अंग्रेजी दुवै भाषाहरुमा प्रदान गरिन्छ । विभागीय वेबसाइटमा जानकारीहरु चिनियाँ तथा अंग्रेजी दुवैमा उपलब्ध छ ।<br><br>● राज्यकोषको सार्वजनिक सेवा काउन्टरहरुमा विविध जातिका सेवाप्रयोगकर्ताहरु जसलाई चिनियाँ वा अंग्रेजी बोल्न वा लेख्न आउँदैन, उनीहरुसँग संचारका निम्ति अल्पसंख्यक जातिहरुका लागि केन्द्र (CHEER)द्वारा तयार गरिएको भाषा पहिचान कार्ड उपलब्ध छ ।<br><br>● विविध जातिका सेवा प्रयोगकर्ताहरुका टेलिफोन वा |

वाक-ईन सोधपुछहरुका लागि,आवश्यक तथा उचित भएमा CHEER को 3-वे (तीन तर्फी) भ्वाईस कन्फरेन्स दोभाषे सेवा प्रयोग गरिनेछ ।

- विविध जातिका सेवा प्रयोगकर्ताहरुका लिखित सोधपुछहरुका निम्ति, आवश्यक तथा उचित भएमा, त्यहाँ अनुवाद सेवा मिलाईनेछ ।

- भाषा सेवाहरू प्रदान गर्ने इन-हाउस प्रक्रियाहरू साथै विविध जातिहरूका सेवा प्रयोगकर्ताहरूका लागि उपलब्ध भाषा र अनुवाद सेवाहरू बारे विज्ञ गराउन फ्रन्ट-लाइन स्टाफलाई जानकारी गराइएको छ ।

- गैर-जातीय चिनियाँ(NEC) को लागि सरकारी रोजगारीका अवसरहरू वृद्धि गर्न, सन् 2018 देखि ट्रेजरी ग्रेडको लागि चिनियाँ भाषा प्रवीणता सम्बन्धी भर्ना आवश्यकता घटाइएको छ ।

लिईएको/लिनेवाला थप उपायहरु

- कर्मचारीहरुलाई उनीहरुको जातीय समानताका सेवा प्रावधानहरु बारे संवेदनशीलता साथै बुझाईलाई परिस्कृत पार्न ईन-हाउस तालिम दिईएको छ साथै दिन जारी राखिनेछ ।

- कर्मचारीहरुलाई जातीय संवेदनशीलता तथा सांस्कृतिक विविधता बारे तालिम लिन प्रोत्साहित गर्न जारी राखिनेछ।

- ट्रेजरीले ग्रीष्मकालीन 2020 देखि युवा NEC लाई रोजगार अनुभव प्राप्त गर्न र रोजगारी खोज्ने प्रतिस्पर्धालाई अझ सक्षम बनाउन NEC विश्वविद्यालयका विद्यार्थीहरूको लागि ईन्टर्नशिप कार्यक्रममा भाग लिएको छ । निकट भविष्यमा, ट्रेजरीले यस्ता कार्यक्रममा भाग लिन जारी राख्नेछ ।

| | | |
|---|---|---|
| भावी कार्यको मूल्यांकन | ● | विविध जातिका सेवा प्रयोगकर्ताहरु तथा कर्मचारीबाट प्रतिक्रिया/सुझावहरु सेवाको निरन्तर सुधारका निम्ति संकलन गर्नेछन् । |
| | ● | सेवा प्रयोगकर्ताहरुद्वारा सेवा प्रयोगको डाटा तथा तथ्याङ्कहरु नीति तथा उपायहरुको मूल्यांकनका निम्ति संकलन गरिनेछ । |
| प्रभावकारिता तथा प्रयोगकर्ता प्रतिक्रियाको अनुगमन | ● | जातिय समानताको बढावाको उपायहरु तथा प्रयोगकर्ता प्रतिक्रियाहरुलाई नजिकबाट अनुगमन गरिनेछ । |
| | ● | विविध जातिका सेवा प्रयोगकर्ताहरु तथा कर्मचारीका प्रतिक्रिया/सुझावहरु समीक्षा गरिनेछ र आवश्यक तथा उचित भएमा, थप सुधारहरु समावेश गरिनेछ । |
| | ● | भाषा सेवाहरुका लागि प्रदान प्रक्रियाहरुको आवधिक समीक्षा अद्यावधिक तथा शोधनका निम्ति जरुरी भए गरिनेछ । |

**सोधपुछहरु/उजुरीहरु**

राज्यकोषको जातीय समानताको बढावाको लागि विद्यमान तथा योजनाबद्ध उपायहरुबारे सोधपुछहरुका निम्ति, कृपया Mr. Sam LIU, असिस्टेन्ट डिपार्टमेण्टल सेक्रेटरी (बिल्डिङ्ग म्यानेजमेण्ट) लाई निम्न माध्यमहरुद्वारा सम्पर्क गर्नुहोस्-


टेलिफोन नं.: 3847 8822

फ्याक्स नं.: 2598 9273

ईमेल: info@try.gov.hk

पत्राचार ठेगाना: 21/F, Treasury Building, 3 Tonkin Street West,
Cheung Sha Wan, Kowloon, Hong Kong


द ट्रेजरी (राज्यकोष)

सप्टेंबर 2023